४।६४।६१४
२०८०।८।८

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
धनगढी, कैलाली, नेपाल

विषय:सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८० लाई स्वीकृत गर्ने।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति:-२०८०/०८/०७

१.विषयको संक्षिप्त व्यहोरा:सुदुरपश्चिम प्रदेश सरकारको "प्रदेशको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ (१) मा प्रचलित कानूनले अन्यथा व्यवस्था गरेकोमा बाहेक प्राकृतिक स्रोतमध्ये आफ्नो क्षेत्रभित्र ढुङ्गा, गिट्टी, बालुवा, माटो र दहत्तर बहत्तरको संकलनमा प्रदेशले कर लगाउनेछ भनि व्यवस्था भएको तथा सोही दफाको उपदफा (५) मा प्रदेश सरकारले गाउँपालिका वा नगरपालिकाले ढुङ्गा, गिट्टी, बालुवा, माटो र दहत्तर बहत्तरको संकलन गर्दा अपनाउनु पर्ने कार्यविधि बनाई जारी गर्नेछ र त्यस्तो कार्यविधि गाउँपालिका वा नगरपालिकाले ढुङ्गा, गिट्टी, बालुवा, माटो र दहत्तर बहत्तरको संकलन गर्दा वा गराउँदा पालना गर्नु पर्नेछ भनि उल्लेख भएको । यसै दफाको कार्यान्वयनका सन्दर्भमा सुदूरपश्चिम प्रदेश सरकारले सूदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ जारी गरि कार्यान्वयनमा रहेकोमा उक्त कार्यविधिको केही प्रावधानहरु संशोधन गर्नुपर्ने आवश्यकता देखिएको ।

२.प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुरा: उक्त व्यवस्थासुदूरप्रदेश प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि,२०७५ संशोधन गर्ने सम्बन्धमा आर्थिक मामिला मन्त्रालयको च.नं. २३९, मिति २०८०/८/०४ र आन्तरिक मामिला तथा कानून मन्त्रालयच.नं.३७९, मिति २०८०/८/०४ को पत्रबाट प्राप्त सकारात्मक राय सहित सहमतिकोप्रतिलिपि यसैसाथ संलग्न रहेको छ ।

३.प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिस: सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि,२०७५ को दफा १० (१) मा कबोल रकम र सो मा लाग्ने कर दाखिला गरी कार्य सम्झौताका लागि बोलपत्रदातालाई सूचना गर्नुपर्ने सम्बन्धी व्यवस्था भएकोमा सोही दफा १० को (२) मा दफा (१) बमोजिमको रकम एकमुष्ठ बुझाउन नसकिने भनि कुनै व्यवसायीले निवेदन गर्न आएमा कबोल रकममा लाग्ने पुरै कर रकम र कबोल रकमको पचास प्रतिशत रकम दाखिला गर्न लगाई बाँकी पचास प्रतिशत कबोल रकम बापत व्यवसायीबाट ठेक्का अवधि भरको नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त "क" वर्गको वाणिज्य बैंकको जमानत लिई दोस्रो किस्तो कबोल रकम दाखिला गर्नुपर्ने अवधि तोकी सम्झौता गर्न सक्नेछ भन्ने व्यवस्था उल्लेख भएकोमा कर र कबोल रकमको नगद सम्बन्धित स्थानीय तहको चल्ती खातामा जम्मा हुने हुँदा ब्याज रकम प्राप्त नहुने भएको र कबोलकर्ताले पनि नदीजन्य पदार्थ संकलन गरेर बिक्री वितरण गरे पश्चात मात्र आम्दानी प्राप्त गर्ने हुँदा सुरुमा नै पचास प्रतिशत नगद दाखिला गर्नु पर्ने प्रावधान व्यवहारिक नभएको र दफा १६ को उपदफा (२) खण्ड (घ)मा आर्थिक मामिला तथा योजना मन्त्रालय रहेकोमा हाल उक्त मन्त्रालयको नाम परिवर्तन भई आर्थिक मामिला मन्त्रालय कायम भएकोले सोही बमोजिम हुनेगरी संशोधनका लागि तयार गरिएको सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८० स्वीकृतिको लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष स्वीकृतीको लागि पेश

शिवनाथ पौडेल
प्रदेश सचिव

गर्न विभागीय मन्त्रीबाट मिति २०८०/८/७ मा स्वीकृति प्राप्त भएकोले प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४ को अनुसूची-१ को विषय संख्या १८ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४.निर्णय हुनुपर्ने व्यहोरा

"सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०"स्वीकृत गर्ने।

मिति २०८०।८।८

...................
(जीवनाथ पौडेल)
प्रदेश सचिव
जीवनाथ पौडेल
प्रदेश सचिव

श्री सचिव,
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

"सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८० लाई स्वीकृत गर्ने" विषयको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको दर्ता नं. ४/६४/६१४-२०८०/०८/०८ को प्रस्ताव प्र.म.प.बै.सं:१७०/०८०, मिति २०८०/०८/०८ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा प्रदेश सरकार (मन्त्रिपरिषद्) ले देहाय बमोजिम निर्णय गरेकाले सो बमोजिम कार्यान्वयन हुन प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४ को नियम २४ बमोजिम अनुरोध गरेको छु ।

प्रदेश सरकारको निर्णयः-
"प्रस्तावमा लेखिए बमोजिम गर्ने।"

(डा. हरि प्रसाद लम्साल )
का.मु. प्रमुख सचिव
मितिः२०८०/०८/०८

सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

# सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०

सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेशप्रवेश कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ कार्यान्वयन गर्न सुदूरपश्चिम प्रदेश सरकारले यो कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन (पहिलो संशोधन। कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि सुदूरपश्चिम प्रदेशभर लागु हुनेछ ।

(३) यो कार्यविधि प्रदेश सरकार, मन्त्रिपरिषदले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

२.**सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा १० मा संशोधनः** सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ (यसपछि"मूल ऐन" भनिएको)को दफा १० को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

(२) उपदफा (१) बमोजिमको रकम एकमुष्ठ बुझाउन नसकिने भनी कुनै व्यवसायीले निवेदन गर्न आएमा कबोल रकममा लाग्ने पूरै कर रकम र कबोल रकमको बिस प्रतिशत रकम दाखिला गर्न लगाई बाँकी असी प्रतिशत कबोल रकम बापत व्यवसायीबाट ठेक्का अवधि भरको लागि मान्य हुने गरी नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त "क" बर्गको वाणिज्य बैंकको जमानत लिई सो जमानतबाट व्यहोरिने गरी बाँकी रहने कबोल रकममध्येको चालिस प्रतिशत रकम चालु आर्थिक वर्षको फागुन मसान्तभित्र तथा अन्तिम चालिस प्रतिशत रकम चालु आर्थिक वर्षको जेठ मसान्त भित्र दाखिला गर्नु पर्नेछ । तोकिएको अवधिभित्र दोस्रो वा तेस्रो किस्ताको रकम दाखिला नभए जमानतबाट असुल उपर गर्नु पर्नेछ । सो को जानकारी सकारकर्तालाई सम्बन्धित पालिकालेदाखिला गर्ने अन्तिम मिति भन्दा सात दिन अगावै गराउनुपर्नेछ ।

३.**मूल ऐनको दफा १६ मा संशोधनः**मूल ऐनको दफा १६ को उपदफा (२) को खण्ड (घ) मा रहेका "आर्थिक मामिला तथा योजना मन्त्रालय" को सट्टा "अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालय" राखिएको छ ।